आज मिति २०८१/०६/०७ गते सोमबार निस्दी गाउँपालिका, गाउँ कार्यपालिकाको ६८ औं बैठक निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. सदस्य सचिव श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी

१७. लेखा अधिकृत श्री सरोज काफ्ले

१८. कर्मचारी श्री मेघ बहादुर लामिछाने थापा

१९. कार्यालय सहयोगी श्री लाल बहादुर खन्गाहा

२०. ले.प. श्री अनिमाया सुनारी

मिति २०८१/०६/०७ गते बसेको निस्दी गाउँपालिकाको ६८ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु:-

१.राष्ट्रिय परिचय पत्र दर्ता तथा वितरणको लागि तपशिलको कार्यतालिका बमोजिम टोली परिचालन गर्ने निर्णय गरियो।

राष्ट्रिय परिचय पत्र दर्ता/वितरण तालिका:

| क्र.सं. | मिति | वडा (पालो) | स्टेशन रहने स्थान |
|---|---|---|---|
| १. | २०८१/०६/१३ र १४ गते आइतबार र सोमबार | झिरुवास | मित्याल (४ नं. वडा कार्यालय) |
| २. | २०८१/०६/१५ गते मंगलबार | अर्चले | |
| ३. | २०८१/०६/१६ र १७ गते बुधबार र विहिबार | सहलकोट | |
| ४. | २०८१/०६/१८ गते शुक्रबार | ज्यामिरे | |
| ५. | २०८१/०६/२० र २१ गते आइतबार र सोमबार | बाकामलाङ | |
| ६. | २०८१/०६/२२ गते मंगलबार | गल्धा | System setup |
| ७. | २०८१/०६/२३ गते बुधबार | गल्धा | गल्धा |

२. काजु मासा काकिमी "ओके बाजे" को नागरिक अभिनन्दन तथा सम्मान प्रतिमा स्थापना र ओके बाजे मितेरी पार्क सम्पन्नता व्यवस्थापनका लागि आर्थिक सहयोग माग भई आएकोमा रु.५०,०००/- (पचास हजार) सहयोग गर्ने निर्णय गरियो।

३. लुम्बिनी प्रदेश सरकारबाट मिति २०८१/०५/१४ च.नं.८९ मा प्राप्त अति जरुरी सम्बन्धी पत्रानुसार लुम्बिनी प्रदेश सरकारबाट विनियोजित रु.५ लाख भन्दा माथिको आयोजनामा प्रतिस्पर्धात्मक पद्दतिबाट कार्यान्वयन गर्ने निर्णय गरियो।

४. काउँले डाँडा पर्यटन क्षेत्रको संचालन र रेखदेख, सरसफाई, टिकट व्यवस्थापनको जिम्मा सम्बन्धीत वडा नं.३ झिरुवासलाई दिने र हरेक ३/३ महिनामा कार्यपालिकामा आम्दानी समेत उल्लेखित प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

५. निस्दी गाउँपालिकाको मिति २०८१/०३/३० गते बसेको गाउँ सभाबाट पारित आर्थिक ऐन, २०८१ मा खसी/बोका निकासी कर प्रतिगोटा रु.३० हुनुपर्नेमा प्रतिकेजी रु.३ भएकोले आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी प्रतिगोटा रु.३० कायम गर्ने निर्णय गरियो।

२०८१।६।१६
मदन अर्याल
प्रशासकीय अधिकृत

मुक्त बहादुर साह
अध्यक्ष

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

६. मोटरबाटो, खानेपानी जस्ता पूर्वाधार जन्य क्षेत्रको मर्मत सम्भारको लागि पेश भएको मर्मत सम्भार कोष संचालन कार्यविधि २०८१ पारित गर्ने निर्णय गरियो।

७. सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को अधिनमा रही निर्मित निस्दी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०८१ लाई पारित गर्ने निर्णय गरियो।

८.आ.व.२०८१/०८२ मा निस्दी सव-डिभिजन वन कार्यालय, मित्यालको भवन व्यवस्थापनमा विनियोजित बजेट रु. ६,००,०००/- (६ लाख) लाई तपशिल बमोजिम विभाजन गर्ने निर्णय गरियो।

| क्र.सं. | कामको विवरण | परिणाम | अनुमानित रकम |
|---|---|---|---|
| १. | ल्यापटप र प्रिन्टर | १/१ वटा | १५०,०००/- |
| २. | कार्यालय भवन पछाडीको मेसिनरी निर्माण र गेट निर्माण | १/१ वटा | ४५०,०००/- |

२०८१।६।१६
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश,नेपाल
मित्याल,पाल्पा